दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ नं प्रदेश, नेपाल

दक्षिणकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय फर्पिङ, काठमाडौं २०७३

सेवा करारमा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०७५/०६/१०)

यस दक्षिणकाली नगरपालिकाको लागि देहाय बमोजिमका पदमा देहाय बमोजिमको संख्या र योग्यता भएका नगर प्रहरी ६ महिनाको लागि सेवा करारमा लिनु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म राजश्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फारम, दरखास्त दस्तुर, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.dakshinkalimun.gov.np बाट उपलब्ध हुनेछ ।

तपसिल

क्र.सं	विज्ञापन नं.	पद	तह	आवश्यक संख्या	मासिक तलव स्केल	दरखास्त दस्तुर
१.	०३/२०७५/०७६	नगर प्रहरी	अ.स.ई	१	१६०००	३००
२.	०४/२०७५/०७६	नगर प्रहरी	हवल्दार	२	१५०००	२००
३.	०५/२०७५/०७६	नगर प्रहरी	जवान	१२	१४०००	१००

क) दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरु :

आफूले हासिल गरेको शैक्षिक योग्यताको प्रतिलिपी, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, कार्य अनुभव भए सो को प्रतिलिपी संलग्न गर्नु पर्नेछ । पेश गरिने सबै कागजातको प्रतिलिपीमा पछाडी उम्मेद्वार स्वयम्ले हस्ताक्षर गरी प्रमाणित गरेको हुनु पर्नेछ ।

ख) उमेर हद सम्बन्धमा :

सुरक्षा निकायबाट अवकाश प्राप्त भएकाहरुको हकमा ५८ वर्ष ननाघेको र अन्यको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

ग) परीक्षा किसिम :

शारीरिक तन्दुरुस्ती, निरोगिता र अन्तरवार्ता ।
शारीरिक तन्दुरुस्तीको हकमा नेपाल प्रहरीको लागि चाहिने न्यूनतम मापदण्ड पुरा गरेको हुनु पर्नेछ ।
सम्पर्क मिति : २०७५/०६/२५

घ) आवेदन दिने तरिका : आवश्यक कागजात सहित तोकिएको शुल्क राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, टेकु शाखामा खोलिएको यस नगरपालिकाको सञ्चित कोष खाता नं. १७००३०४०१८१०४ मा जम्मा गरि सक्कल भौचर अथवा नगरपालिकाको राजश्व शाखामा नगद तिरी प्राप्त नगदी रसिदको सक्कल संलग्न राखी दरखास्त फारम भरी आवेदक स्वयम्ले आवेदन दिनु पर्नेछ ।

ङ) अन्य :

१. कर्मचारी छनौट गर्ने तथा नगर्ने सम्पूर्ण अधिकार दक्षिणकाली नगरपालिकामा निहित हुनेछ ।
२. नगर प्रहरी छनौट पश्चात नगरपालिका क्षेत्र भित्र रही तोकिए बमोजिमको कामकाज गर्नुपर्नेछ ।
३. बिदा लगायत अन्य सेवा तथा सुविधाको हकमा नगरपालिकासंग हुने करार सम्झौता बमोजिम हुनेछ ।
४. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको हुनु पर्नेछ ।
५. सूचनामा उल्लेख भए बाहेकका अन्य आवश्यक कुराहरु उम्मेद्वार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।
६. थप जानकारीको लागि नगरपालिकाको सम्पर्क नं. ०१-४७१००२८ मा सम्पर्क गर्न सक्नु हुनेछ वा नगरपालिकाको ईमेल : info@dakshinkalimun.gov.np मा ईमेलद्वारा समेत बुझ्न सक्नु हुनेछ ।

सुशीला पौडेल (ढकाल)
(प्रमुख प्रशासकीय अधिकृत)